लेखापरीक्षण प्रतिवेदन

फाल्गुनन्द गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

फाल्गुनन्द गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/532

श्रीमान् अध्यक्षज्यू,

फाल्गुनन्द गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, पाँचथर।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/532

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू ,

फाल्गुनन्द गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

पाँचथर।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले तहाँ पालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष, लगायतकाकारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्ययतर्फ रु.१ अर्ब २८ करोड ५ लाख २१ हजारको लेखापरीक्षणबाट रु.५३ लाख ७१ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु. २५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ लाख २१ हजार, नियमित गर्नुपर्ने रु. ४९ लाख २४ हजार गरी जम्मा रु. ५३ लाख ७१ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.१३ करोड ४७ लाख ९९ हजार मध्ये रु.३ करोड ६३ लाख ३४ हजार फस्र्योट भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु. १० करोड ३८ लाख ३६ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित् अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, प्रमुख/ अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभुत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
५२	७	५३,७१,८९८	०	०	०	०	५२	७	५३,७१,८९८	२५,६४६	४९,२४,३१५	४,२१,९३७	०	०	५३,४६,२५२	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पाँचथर	१३,४७,९९,६२४	०	३,६३,३४,८१९	९८४६४८०५	०	५३,७१,८९८	१०३८३६७०३

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
गत विगत आर्थिक वर्षहरूको सम्परीक्षण				
१	२०८०/८१	३६	सिद्ध देवी माध्यमिक विद्यालय नमुना विद्यालय कार्यक्रम	६६,८०,५९४
२	२०८०/८१	७४	सम्झौता अनुसारको पुरै कार्य नगरी कार्य स्वीकार	२२,९०,५३७
३	२०८०/८१	४३	सट्टा शिक्षक नियूक्तिः	३,३५,०००
४	२०८०/८१	५८ र ८२	शीर्षक फरक पारी खर्चः	९६,९०,०७८

५	२०८०/८१	३३.३	जस्तापाता खरिद तथा वितरण र मौज्दात	२१,७१,९७३
६	२०८०/८१	६२	कर्मचारी तालिमः	१,६६,६३७
७	२०७७/७८	४२	कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने	१,५०,००,०००
जम्मा				**३,६३,३४,८१९**

फाल्गुनन्द गाउँपालिका, पाँचथर

(८०१०२५०४३००)

फाल्गुनन्द गाउँपालिका , पाँचथर

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने २५००० जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।१५ देखि २०८२।०५।१८ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - पालिकाको आय र व्ययतर्फ रु.१ अर्व २९ करोड ५ लाख २१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४,४८,१९९/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	बिलभरपाई नभएको तथा बिलभन्दा बढी भुक्तानी	४४१६०
२	लघु उद्यम तर्फ लाभग्राहिको लागत सहभागिता	१७१००
३	महङ्गी भत्ता बढी भुक्तानी	१८००
४	पाठ्यपुस्तक बापत विद्यालयलाई बढी निकासा	४३३७९
५	दिवाखाजा वापत विद्यालयलाई बढी निकासा	७८४३५
६	गाडी भाडा बढी भुक्तानी	३६०००
७	बैठक भत्ता बढी भुक्तानी	३२०००
८	मृत्य पश्चात लाभग्राहिको खातामा निकासा भएको सामाजिक सुरक्षा	१९५३२५
	जम्मा	४४८१९९

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आर्थिक विवरण -**

कार्यालयले लेखापरीक्षणकोलागि पेश गरेको एकीकृत आर्थिक विवरण देहायअनुसार रहेको छः



फाल्गुनन्द गाउँपालिका
आर्थिक कारोबारको एकीकृत विवरण
(आ. ब. २०८१-८२)

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		२६२१३५००.९१	१.चालु खर्च		३४६३९४९४३.३१
१.संचित कोष	१५३९८१७४.७६		१. पालिका तर्फ	१२४५९४५५५.९१	
२.धरौटी	३८७०९६८.१७		२. संघीय सशर्त	२२०५७०७५७.४०	
३.कार्यसञ्चालन कोष	६९४४३५७.९८		३. संघीय विशेष	०.००	
४. अन्य कोष			४. प्रदेश सशर्त	१२२९६३०.००	
४.क. विविध कोष खाता (सुत्रमा समावेश नभएको)	०.००		५. प्रदेश विशेष	०.००	
४.ख. लैंगिक हिंसा निवारण कोष (सुत्रमा समावेश नभएको)	०.००		२.पुँजीगत खर्च		१२३५६८७०९.००
यस वर्षको आय			१. पालिका तर्फ	६७९९५२००.००	
१.आन्तरिक आय	५४२५६१०.४३	५४२५६१०.४३	२. संघीय सशर्त	२९८२६१५०.००	
२. वितीय हस्तान्तरण (संघ)			३. संघीय विशेष	५४१६२७८.००	
क) समानीकरण अनुदान	९१०२५९२०.००	४५९०९०५१५.८३	४. संघीय समपुरक	०.००	
ख) राजस्व बाँडफाँट	८१३४१५९५.८३		५. प्रदेश सशर्त	१३४०६००६.००	
ग) सशर्त अनुदान	२८१०९८०००.००		६. प्रदेश विशेष	०.००	
घ) समपुरक अनुदान	०.००		७. प्रदेश समपुरक	६९२५०७५.००	
ङ) विशेष अनुदान	५६२५०००.००		३. अन्तर सरकारी अख्तियारी (संघ)		१२३२१०४१७.००
च) रोयल्टी			क) सामाजिक सुरक्षा तथा संरक्षण	९६०९६६८३.००	
छ) अन्य			ख) पर्यटन पुर्वाधार विकास आयोजना	८८२७७६.००	
३. वितीय हस्तान्तरण (प्रदेश)		३७२५०५१२.२३	ग) स्थानिय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम	११९८७५४३.००	
क) समानीकरण अनुदान	६०३००००.००		घ) एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	१४२४३४१५.००	
ख) राजस्व बाँडफाँट	३७८१५१२.२३		४.अन्तर सरकारी अख्तियारी (प्रदेश)		०.००
ग) सशर्त अनुदान	१७५३९०००.००		५.ऋण फिर्ता(साँवा)		०.००
घ) समपुरक अनुदान	९९०००००.००		६.ऋणको ब्याज भुक्तानी		०.००
ङ) विशेष अनुदान	०.००		७.धरौटी फिर्ता तथा सदर स्याहा	१५५८२१९.००	१५५८२१९.००
च) रोयल्टी	०.००		८.कार्यसञ्चालन कोषबाट भएको खर्च	१३८५८९२४.००	१३८५८९२४.००
छ) अन्य	०.००		९.गैरसरकारी संस्थाबाट सञ्चालित योजना		०.००
४. अन्तर सरकारी अख्तियारी (संघ)		१२३२१०४१७.००	१०.अन्य सहयोगमा सञ्चालित योजना		०.००
क) सामाजिक सुरक्षा तथा संरक्षण	९६०९६६८३.००		११.अन्य खर्च भएमा		०.००
ख) पर्यटन पुर्वाधार विकास आयोजना	८८२७७६.००		१२.अनुदान फिर्ता		
ग) स्थानिय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम	११९८७५४३.००		१. संघ तर्फ		३०९०९८१४.६०
घ) एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	१४२४३४१५.००		क) सशर्त अनुदान	३०७०१०९२.६०	
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०.००	०.००	ख) विशेष अनुदान	२०८७२२.००	
६. ऋण/ वितीय व्यवस्था	०.००	०.००	ग) समपुरक अनुदान	०.००	
७. धरौटी आय	२३७६७९७.००	२३७६७९७.००	२. प्रदेश तर्फ		५८७८२८९.००
८. कार्यसञ्चालन कोष आय	१६९३२०१८.८३	१६९३२०१८.८३	क) सशर्त अनुदान	२९०३३६४.००	
९. विभाज्य कोष	४२२५३.००	४२२५३.००	ख) विशेष अनुदान	०.००	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०.००	०.००	ग) समपुरक अनुदान	२९७४९२५.००	
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	०.००	०.००	१३.अन्तिम मौज्दात		२५९७६२२०.२४
१२. अन्य आय भएमा	०.००	०.००	१. संचित कोषको मौज्दात	११२२६९६८.२६	
क) स्थानीय राजश्व बाँडफाँड	८१३९१०.९२	८१३९१०.९२	२. धरौटी	४६८९५४६.१७	
			३. कार्यसञ्चालनकोष	१००१७४५२.८१	
			४. विभाज्य कोष	४२२५३.००	
			४.क. विविध कोष खाता (सुत्रमा समावेश नभएको)	०.००	
			४.ख. लैंगिक हिंसा निवारण कोष (सुत्रमा समावेश नभएको)	०.००	
जम्मा	६७१३५५५३६.१५	६७१३५५५३६.१५	जम्मा	६७१३५५५३६.१५	६७१३५५५३६.१५

प्रमुख प्रशासकीय अधिकृत

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय विवरणको यथार्थता** -

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले आर्थिक कारोवारको लेखाङ्कन गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण, स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९,६०,९६,६८३/-, पर्यटन पुर्वाधार विकास आयोजनाको रू.८,८२,७७६/-, स्थानिय तह प्रशासकीय भवन पुर्वाधार बिकास कार्यक्रमको रू.१,१९,८७,५४३/- र एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको रु.१,४२,४३,४१५/- गरी जम्मा रु.१२,३२,१०,४१७/- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

४ **खर्च विश्लेषण** -

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.५४,२५,६१०/- राजस्व बाँडफाँड र अनुदानबाट रु.४६,०३,६६,८३५/- समेत रु.४६,५७,९२,४४५/- आम्दानी भएकोमा चालु तर्फ रु.३४,६३,९४,९४३/- र पूँजिगत तर्फ रु.१२,३५,६८,७०९/- समेत रु.४६,९९,६३,६५२/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६६,१६,१९५/- खर्च भएको छ जुन आन्तरिक आयको १२१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५.२४ प्रतिशत चालु र २४.७६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

५ **पुँजीगत खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको त्रैमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम त्रैमासिक प्रगति विवरण तयारगरी सम्बन्धित निकायमा पेश गरेको देखिएन । पालिकाको त्रैमासिक पुँजीगत खर्च समबन्ध विवरण देहाय अनुसार रहेको छः आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो ।

बजेट शीर्षक उपशीर्षक	कुल खर्च		त्रैमासिक खर्च			
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
पुँजीगत	**११,०६,५९,५०२**	**५३,१०,४७७**	**१,७९,४६,८५४**	**२,७१,३७,१५५**	**६,०२,६८,०१६**	**३,९०,३८,१२०**
प्रतिशत	**१००**	**४.८०**	**१६.२२**	२४.५२	५४.४६	३५.२८

कार्यालयको पूँजिगतखर्च विश्लेषण गर्दा कुल पुँजीगत खर्च रू.११ करोड ६लाख ५९ हजार मध्ये प्रथम त्रैमासिकमा ४.८० प्रतिशत रू.५३ लाख १० हजार, दोस्रो त्रैमासिकमा १६.२२ प्रतिशत रू.६ करोड ७९ लाख ४७ हजार, तेस्रो त्रैमासिकमा २४.५२ प्रतिशत रू.२ करोड ७१ लाख ३७ हजार, चौथो त्रैमासिकमा ५४.४६ प्रतिशत रू.६ करोड २ लाख ६८ हजार खर्च भएको देखियो । चौथो त्रैमासिकको असार महिनामा मात्र ३५.२८ प्रतिशत रू.३ करोड ९० लाख ३८ हजार खर्च भएको देखियो। त्रैमासिक कार्य विनियोजित बजेट, लक्ष्य तथा कार्यक्रम बमोजिम खर्च नगरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले असारमा अत्यधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्न त्रैमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरिनु पर्दछ । साथै त्रैमासिक खर्चको प्रगत विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नुपर्दछ ।

६ **अनुदान प्राप्ति र फिर्ता** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची २१(२) फिर्ता गर्न बाँकी अनुदान शुन्य देखाएकोमा पालिकाले संघ संचित कोषमा ३ करोड ९ लाख ९ हजार ८१४ तथा प्रदेश संचित कोषमा रु.५८ लाख ७८ हजार २८९ गरि कुल ३ करोड ६७ लाख ८८ हजार १०३ देहाय अनुसार आर्थिक वर्ष भित्रै फिर्ता गरेको देखियो।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	२७,८२,९८,०००.००	२४,७५,९६,९०७.४०	३,०७,०१,०९२.६०	०.००
	विषेश	५६,२५,०००.००	५४,१६,२७८.००	२,०८,७२२.००	०.००
	समपुरक	०.००	०.००	०.००	०.००
	अन्य	०.००	०.००	०.००	०.००
प्रदेश सरकार	शसर्त	१,७५,३९,०००.००	१,४६,३५,६३६.००	२९,०३,३६४.००	०.००
	विषेश	०.००	०.००	०.००	०.००
	समपुरक	९९,००,०००.००	६९,२५,०७५.००	२९,७४,९२५.००	०.००
	अन्य	०.००	०.००	०.००	०.००
	जम्मा	**३१,१३,६२,०००.००**	**२७,४५,७३,८९६.४०**	**३६,७८,८१०३.६**	०.००

७ **सेवाप्रवाह -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाले उपलब्ध गराएको सेवा प्रवाह विवरण देहाय अनुसार रहेको छः

क्र.स	विवरण	सेवा प्राप्तिका लागि निवेदन संख्या	सिफारिस संख्या	कैफियत
1	नागरिकता सिफारिस	५४८	५४८	
2	घरबाटो सिफारिस	२२१	२२१	
3	नाता प्रमाणित	२७७	२७७	
4	जन्म, मृत्यु दर्ता	३३१	३३१	
5	**अन्य**	१२४७	१२४७	

८ **कानुन निर्माण एवम् सञ्चालन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ ऐन, ५ नियमावली, ३८ कार्यविधि ६ निर्देशिका र ४ नर्म्स गरी जम्मा ६२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानुन निर्माण गरी लागु गर्नुपर्दछ ।

विवरण	ऐन	नियमावली	कार्यविधि	निर्देशिका	नर्म्स	जम्मा
लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वयनमा भएको कानून कार्यविधि निर्देशिका एवं नम्सको संख्या	९	५	३८	६	४	६२

९ **न्यायिक समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ र यो वर्ष थप भएको ८ गरी कुल १४ विवाद दर्ता भएकोमा १० वटा मात्र फस्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

क्र.सं.	उजुरीको प्रकार	गत वर्षको बाँकी	यस वर्ष दर्ता	जम्मा	यो वर्ष फस्र्यौट सं.	फस्र्यौट हुन बाँकी	समयमै फस्र्यौट नहुनुको कारण
१	लेनदेन	४	७	११	८	३	पक्षहरु उपस्थित नभएको।
२	कुटपिट	१	०	१	१	०	
३	जग्गा साँध विवाद	१	१	२	१	१	प्रकृयामा रहेको
	जम्मा	६	८	१४	१०	४	

१० **आय अनुमान तथा असुली -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६०,००,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.५४,२५,६१०/- अर्थात अनुमान भन्दा ९०.४२ प्रतिशत आय प्राप्त गरेको छ ।पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क असुल गरेकोले उल्लिखित असुली रकम यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । पालिकाको शिर्षकगत आय अनुमान तथा असुलीको विवरण देहाय अनुसार रहेको छः

राजस्वसंकेत	आम्दानी शीर्षक	अनुमान	वार्षिक असुली
११३१३	सम्पती कर	१,५०,०००.००	६,८०४.९०
११३१४	भुमिकर/मालपोत	२१,००,०००.००	१०,२२,०५२.३३
११३१७	वहाल कर	१,३०,०००.००	२,९५,२८०.२४
११४७९	अन्यमनोरञ्जन कर	१०,०००.००	०.००
११६३१	कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	४,००,०००.००	१३,८००.००
११६९१	अन्य कर	१,००,०००.००	२२,२०१.००
१४२११	कृषिउत्पादनको बिक्रीबाट प्राप्त रकम	५०,०००.००	६२,५६५.००
१४२१३	अन्यबिक्रीबाट प्राप्त रकम	२०,०००.००	६४,१८५.००
१४२१७	नहर तथाकुलो उपयोग वापतको शुल्क	०.००	६,५००.००
१४२१८	विद्युतसेवा शुल्क	१५,०००.००	०.००
१४२१९	अन्य सेवाशुल्क तथा बिक्री	३०,०००.००	३,०००.००
१४२२१	न्यायिकदस्तूर	३,०००.००	९००.००
१४२२३	शिक्षाक्षेत्रको आम्दानी	१,००,०००.००	२६,३००.००
१४२२४	परीक्षाशुल्क	९,०००.००	११,१००.००
१४२२९	अन्यप्रशासनिक सेवा शुल्क	१,५०,०००.००	४८,३००.००
१४२४२	नक्सापासदस्तुर	५०,०००.००	२१,८८२.९६
१४२४३	सिफारिशदस्तुर	२१,६४,०००.००	१५,१२,५१८.००
१४२४४	व्यक्तिगतघटना दर्ता दस्तुर	२,००,०००.००	३,८५,९००.००
१४२४५	नाताप्रमाणित दस्तुर	१,१०,०००.००	१,५८,८००.००
१४२४९	अन्यदस्तुर	२०,०००.००	१२,९४,३७१.००
१४२५३	व्यावसायरजिष्ट्रेशन दस्तुर	२०,०००.००	२,०२,६२५.००
१४२६५	अन्यक्षेत्रको आय	१०,०००.००	२,०००.००
१४३११	न्यायिकदण्ड, जरिवाना र जफत	१,०००.००	०.००
१४५२९	अन्यराजस्व	८,०००.००	१,२३,४००.००
१४६११	व्यवसाय कर	५०,०००.००	१,३००.००
१५१११	बेरूजू	१,००,०००.००	१,३९,८२५.००
जम्मा		**६०,००,०००.००**	**५४,२५,६१०.४३**

११ **नगदी रसिद -**

पालिकाले यस वर्ष गाँउ निकासी तथा पूर्वाधार उपयोगमा लाग्ने कर असुलीको लागि ठेक्का मार्फत मुकुमलुङ कन्स्ट्रकसन एण्ड सप्लायर्ससँग मिति २०८१।४।३० गते गरेको सम्झौताको बुदाँ न.१० मा शुल्क उठाउनको लागि गाँउपालिकाले उपलब्ध गराएको नगदी रसिद मात्र प्रयोग गर्नुपर्ने र प्रयोग पश्चात सोको एकप्रति गाँउपालिकालाई फिर्ता गर्नुपर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले

निकासी तथा पूर्वाधार उपयोगमा लाग्ने शुल्क वापत रू.९,५१,५५५/- असुल गरेकोमा ठेकेदारले प्रयोग गरीफिर्ता गरेको नगदी रसिद परीक्षण गर्दा प्रयोग भएका रसिदको अभिलेख पालिकाले नराखेको, ठेकेदारले प्रयोग गरेका सबै नगदी रसिदको अर्धकट्टी फिर्ता नगरेको, पालिकाले उपलब्ध गराएको भन्दा फरक रसिद समेत छपाई रसिद काटिएको (जस्तैः पटके रसिदको १९०१-२००० सम्मको रसिद पालिकाले उपलब्ध नगराएको काटिएको विवरण पेश गरेको जस्ता कैफियत देखिएको छ । ठेक्का मार्फत असुल गरिने कर तथा शुल्क समबन्धमा नियमानुसार सम्झौतागरी सोको कार्यान्वियन गर्ने र कार्यान्वियन सम्बन्धमा पालिकाले नियमित अनुगमन गर्नुपर्दछ ।

१२ **बजेट तर्जुमा समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरेको देखिएन। ऐनमा भएको व्यवस्थाको अनुरुप समितिको गठन गरि ऐनको व्यवस्था परिपालनामा ध्यान दिनुपर्दछ ।

१३ **योजना प्राथमिकीकरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार पालिकास्तरका कुल ४ करोड ८१ लाख १७ हजार ६ सय ६४ योजनामा वजेट विनियोजन गरेको छ।

रु १ लाख सम्म	**रु १ लाख देखि ५ लाखसम्म**	**रु ५लाख देखि १० लाखसम्मका**	**रु १० लाख देखि २० लाख सम्मका**	**रु. २० लाख भन्दा बढीको**	**जम्मा**
८९	३८	१	२	१	१३१

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ अर्थात पालिकाले १२८ योजनाहरु (९८%) योजनाहरु ५ लाखसम्मका रहेका छन्। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१४ **क्षेत्रगत बजेट र खर्चको स्थिति** -

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्यक्षेत्र	**वार्षिक वजेट**	**खर्च रकम**	**कुल खर्च मध्ये प्रतिशत**
आर्थिक विकास	५,४४,४१,२१२।३२	४,६०,४१,१५६।३२	९.७९
सामाजिक क्षेत्र	७,८२,९७,८८१।४५	६,७८,७९,८९२।००	१४.४०
पूर्वाधार विकास क्षेत्र	७,३६,७३,४१२।००	६,००,५२,२०६।००	१२.७
संस्थागत विकास र सेवाप्रवाह	१,३७,२८,८००।००	१,११,९३,५६९।००	२.३८
वित्तीय व्यवस्थापन र सुशासन			
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	३१,७८,३६,८६३।९९	२८,४८,८६,७८३।९९	६०.६०
जम्मा	**५३,७९,७८,१७४।७६**	**४७,००,५३,६०७।३१**	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यसञ्चालन तथा प्रशासनिक खर्चमा सबैभन्दा बढी ६०.६० प्रतिशत र संस्थागत विकास र सेवाप्रवाह तथा वित्तीय व्यवस्थापन र सुशासन क्षेत्रमा सबै भन्दा घटी ३.८६ प्रतिशत खर्च रहेको छ ।

१५ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दधन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ ।

१६ **आन्तरिक लेखापरीक्षण -**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकामा आन्तरिक लेखापरीकको दरबन्दिमा रहेको कर्मचारी अन्य स्थानिय तहमा कार्यरत रहेकोले आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१७ **तलबी प्रतिवेदन -**

प्रदेश निजामती सेवा ऐन २०७९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १३ कर्मचारीको रु. ९५,४२,३१०।७ र पालिकाका तर्फका १२ कर्मचारीको रु.७५,११,४३९।२६ समेत रु. १,७०,५३,७४९।९६ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१८ **बेरुजु लगत -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८ मा जिम्मेवार व्यक्तिले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनुपर्ने भनी ठहर्याइएको बेरुजुको लगत कार्यालय स्तरमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम बेरुजुको लगत राखेको देखिएन । बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख अद्यावधिक नहुँदा कार्यालयको बेरुजु तथा सम्परीक्षणको तुलनात्मक अध्ययन विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम बेरुजु अभिलेख अद्यावधिक राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

१९ **ठेक्का अभिलेख -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने उल्लेख छ । साथै सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य,

हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२० **खरिद गुरुयोजना/ वार्षिक खरिद योजना -**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१२,३५,६८,७०९/- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२१ **अनुदानको अनुगमन -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन बनाउने तथा बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले यस वर्ष शिक्षा, कृषि तथा पशु विकास लगायतको कार्यक्रममा निम्नानुसार अनुदानमा सामाग्रि तथा विउ उपलब्ध गराएकोमा वितरित सामाग्रि तथा विउ विजन तोकिएको प्रयोजनमा उद्देश्य अनुरुप सदुपयोग भए नभएको सम्बन्धमा एकीकृत रुपमा अनुगमन तथा मूल्याङ्कनगरी प्रतिवेदन तयार गरेको देखिएन । वितरित अनुदानको अनुगमन मुल्याङ्कन नहुँदा उद्देश्य अनुरुप अनुदान उपयोग भएको सम्बन्धमा यकिन गर्न सकिएन । वितरित अनुदानको आवधिक रुपमा अनुगमनगरी मूल्याङ्कनगरी प्रतिवेदन तयार गर्नुपर्दछ । अनुदान सम्बन्धि केहि उदाहरणः

गो.भौ.नं./ मिति	अनुदानको विवरण	रकम
३०९-०८२/३/२३	महाभारा डाँडा पशुपंछी तथा कृषि फार्म बंगुर फार्म अनुदान	१,४४,०००/-
१३-०८२/३/२२	वडा नं.४ प्लाष्टिक मल्चिङ वितरण	२,७८,८००/-
५४८-०८२/३/२५	बाख्रा स्रोत केन्द्र कार्यक्रम अनुदान	९,००,०००/-
२७-०८२/३/२१	अपाङ्गता मिलिजुली कृषि सहकारी संस्थालाई बिउ पुँजि अनुदान	१,००,०००/-
५५२-०८२/३/२५	नँया बंगुर पकेट विकास कार्यक्रम ५० प्रतिशत अनुदान	१२,००,०००/-

२२ **गत विगतको भुक्तानी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ८७ हजार ७ सय अन्य कार्यालय सञ्चालन खर्च अन्तर्गत एरिना कम्प्युटर भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२३ **व्यक्तिगत धरौटी खाता -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(२) मा धरौटी फिर्ता लिनको लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था छ। पालिकाको आ.व. २०८१।८२ मा गत विगतका पुराना धरौटीहरु रु.३८ लाख ७० हजार ९ सय ६८ अल्या रहेको तर व्यक्तिगत धरौटी

खाता नराखेकोले प्रयोजन समाप्त भएका धरौटीको अवस्था यकिन गर्न सकिएन । प्रयोजन समाप्त भएको धरौटीको अवस्था यकिन गरी नियमानुसार पुराना धरौटी सदरस्याहा गर्नुपर्दछ।

२४ **आर्थिक सहायता** -

पालिकाले सबै प्रकारका प्राकृतिक तथा मानव सिर्जिति विपदबाट प्रभावित व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्यून आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्यासित घटनामा अङ्गभङ्ग भएकाहरुलाई राहत पुर्याउन फाल्गुनन्द गाँउपालिका आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविध, २०८० स्वीकृतगरी लागु गरेको छ । पालिकाले यस वर्ष गाँउपालिका अन्तर्गत विभिन्न आकस्मिक घटना तथा विपन्न दिर्घरोगीहरुलाई आर्थिक सहायता कार्यक्रममा रू.३०,००,०००/- बजेट विनियोजनगरी रू.२१,३२,५००/- खर्च गरेको देखियो । उक्त खर्च सम्बन्धि स्रेस्ता परीक्षण गर्दा सामान्य घाटीको समस्या, मुटुको सामान्य समस्या, पथरीको अपरेशन, शल्यकृयाबाट बच्चा जन्मेको लगायतका विवरण उल्लेखगरी आर्थिक सहायता माँगको निवेदन, अस्पतालको विलभरपाई, वडाको सिफारिस लगायत कागजात संलग्न राखि रू.५,०००/- देखी रू.२७,०००/- सम्मा आर्थिक सहायत दिएको देखियो । यस कार्यक्रममा खर्च भएको रकम रू.२१,३२,५००/- पालिकाको आन्तरिक आय रू.५४,२५,६१०/- को ३९.३० प्रतिशत हुन्छ । अतः उपरोक्त कार्यविधि अनुसार वास्तविक विपन्नलाई मात्र जटिल रोगको उपचारमा आर्थिक सहायता दिई सामान्य रोगमा आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

२५ **विविध खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले विविध खर्च तर्फ रु.३६,५१,७७१/-खर्च गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.५४,२५,६१०/- को ६७.३० प्रतिशत हुन आउँछ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२६ **जिन्सी व्यवस्थापन** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छनः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS V2) मा प्रविष्टी गरेको छ र सोको आधारमा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छ तर प्रतिवेदनमा सामाग्रिको संख्या मात्र उल्लेखगरि स्पेशिफिकेशन लगायतको विवरण उल्लेख गरेको छैन ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्नेमा सामानहरुको मर्मत तथा लिलाम गरेको छैन ।

• पालिकाले जिन्सी सहायक खाता अद्यावधिक गरेको देखिदैन जसले गर्दा कर्मचारीले बुझिलिएको सामानको विवरण र सोको अवस्था यकिन हुन सकेन।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएबमोजिमका ट्याबलेट, मोबाइल र ल्यापटप कार्यालयको भण्डारमा रहेको देखिएन । यस सम्बन्धमा पुराना सामाग्रि विग्रिएको र कतिपय मर्मतकोलागि पठाएको र केहि कर्मचारीको जिम्मामा रहेको कार्यालयले जनाएतापनि सोको विवरण अद्यावधिक राखेको देखिएन ।

नियमावलीको व्यवस्था बमोजिमको अभिलेख अद्यावधिक गरी जिन्सि व्यवस्थापन चुस्त दुरुस्त राख्नुपर्दछ ।

२७ **सहकारी अनुगमनः**

पालिकाले फाल्गुनन्द सहकारी ऐन २०७४ पारीतगरी लागु गरेको र सो बमोजिम पालिकाले सहकारी अनुगमन टोली गठन गरि अनुगमन गरेकोमा अनुगमन प्रतिवेदनमा उल्लेखित देहायका व्यहोरा कार्यान्वयन भएको देखिएन ।

• अधिकाश कृषि सहकारी संस्थाहरुले उद्देश्य मुताविक कार्य गरेको देखिदैन र बचत तथा ऋणको कारोबारमा मात्र सिमित रहेका छन।

• अधिकाश सहकारीहरु सदस्यहरुको विवरण शेयर दर्ता खाता, सहायक खाता,(शेयर, बचत र ऋण) अद्यावधिक गरेका छैनन्।

• सहकारीहरुले लगानीमा रहेको ऋणको वर्गीकरण गरेको पाईएन। यस कारण ऋणको कारोबारमा संस्था स्वस्थ्य रहे नरहेको यकिन गर्न सकिएन।

पालिकाले सहकारी अनुगमन प्रतिवेदनलाई गाँउ कार्यपालिकामा पेश गरि देखिएको व्यहोराको सम्बन्धमा सुधारको लागि प्रयास गरेको देखिदैन। अनुगमन प्रतिवेदनमा देखिएका व्यहोरा कार्यपालिकामा पेश गरि सहकारीको प्रभावकारी नियमन गर्नुपर्दछ।

२८ **सरकारीको विवरण अद्यावधिक** -

सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) संचालन कार्यविधि,२०७७ को दफा २९ मा सहकारी ऐन,२०७४ बमोजिम गठित सबै संघ, संस्था र सहकारी बैंकले सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली (COPOMIS)को अनिवार्य रुपमा प्रयोग गर्ने र प्रभावकारी कार्यान्वियनमा आवश्यक सहयोग र समन्वय गर्नुपर्ने व्यवस्था छ । पालिकाले दिएको विवरणअनुसार यस गाउँपालिकाको कार्यक्षेत्र रहेर संचालित कुल ४२ वटा सहकारी संस्था मध्ये जम्मा १८ वटा सहकारी संस्थामात्रै सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली (COPOMIS)को अनिवार्य रुपमा प्रयोग गरेको पाइयो। पालिकाले आफ्नो नियमन क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुलाई सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली संचालन कार्यविधि,२०७७ अनुसार गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली (COPOMIS) मा अनिवार्य रुपमा विवरण अद्यावधिक गर्न लगाई पालिकाले नियमित अनुगमन गर्नुपर्दछ ।

२९ **पेश्की** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । कार्यालयले प्रशासकिय भवन निर्माण कार्यका निर्माण व्यवसायिलाई देहाय अनुसार दिएको पेश्की हालसम्म फछर्यौट भएको देखिएन । उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ ।

क्र.स.	पेश्की लिनेको नाम	पेश्की लिएको मिति	पेश्की रकम	पेश्कीको उद्देश्य	कैफियत
१.	साबिरा माङ्गमालुङ्गमा जे भी	२०८१।०६।२०	४८,००,०००	मोबिलाइजेशन	
जम्मा			**४८,००,०००**		

३० **अनुगमन भत्ता** -

कोशी प्रदेश गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १(क) मा मासिक रुपमा गाँउपालिका अध्यक्षले रु.१०,०००/-, उपाध्यक्षले रु.१०,०००/-, वडाध्यक्षले रु.४,०००/- र कार्यापालिका सदस्यले रु.२,०००/- मासिक रुपमा अनुगमन प्रतिवेदन तयार तथा पेश गरी अनुगमन भत्ता पाउनेको व्यवस्था छ। कार्यालयले यस वर्ष पादाधिकारीहरुको मासिक सुविधा भुक्तानी गर्दा मासिक रुपमा अनुगमन भत्ता समेत भुक्तानी गरि वार्षिक रु.६,९०,०००/- भुक्तानी खर्च गरेकोमा पदाधिकारीहरुले मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गरेको देखिएन । ऐनको व्यवस्था बमोजिम अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्दछ ।

३१ **कर्मचारी व्यवस्थापन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । साथै दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले लेखापरीक्षण अवधिसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार तथा स्वीकृत नगरी पालिकाले उल्लेखित पदहरुमा बाहेक देहाय अनुसार करार कर्मचारी नियुक्तगरी तलब भत्ता भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था बमोजिम तोकिएको पद बाहेक करार कर्मचारी नियुक्तगर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

क्र.सं.	पद	करारमा कार्यरत संख्या	जम्मा तलब
१	इन्जिनियर (छैठौँ)	१	५६७९५७
२	इन्जिनियर (पाँचौ)	१	४५१४९०
३	इन्जिनियर (चौथो)	३	१२८३१७८
४	कम्पयुटर अपरेटर (पाँचौ)	१	४५१४९०
५	कम्पयुटर अपरेटर (चौथो)	१	४२७७२६
६	सहायक पाँचौ	१	४५१४९०
७	सहायक चौथो	४	१७१०९०४
८	सहायक चौथो (सामाजिक परिचालिका	१	२९९०००
९	सहायक चौथो (अमिन)	१	४२७७२६
१०	सहायक चौथो (ल्याब)	१	३६१३३५
११	सहायक चौथो (का.स)	६	२१६८०१०
१२	हेभी सवारी चालक	१	३८६४६४
१३	हलुका सवारी चालक	१	३५१०००
१४	हलुका सवारी चालक	१	३५८९५६
१५	कार्यालय सहयोगी	२	६४२२५२
१६	कार्यालय सहयोगी	१	१९५०००
१७	कार्यालय सहयोगी	१३	३५४२९१६
	जम्मा	४०	१४०७६८९४

३२ **अन्य निकाय खर्च** -

पालिकाले आफ्नो छेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका कार्यालयलाहरुलाइ निम्नानुसारको खर्चको भुक्तानी दिएको छ ।अन्य सरकारी कार्यालयहरुको खर्च तालुक मन्त्रालयको स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने भएकोले पालिका मातहतको कार्यलय नरहेको अन्य निकायको प्रयोजनमा खर्च भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

क्र.सं.	निकाय वा संस्थाको नाम	खर्च विवरण	रकम रु.
१	नवमीडाँडा प्रहरी चौकी	कार्यालय व्यवस्थापन	३०,०००
२	चिलिङदिन प्रहरी चौकी, राँके	रङ्गरोगन कार्य	११,११४
३	नेपाल पत्रकार महासंघ	डायरी छपाइ	८३,०५५
४	चिलिङदिन प्रहरी चौकी, राँके	इन्धन तथा सवारी साधन मर्मत	२५,०००
५	नेपाल रेडक्रस सोसाइटी	फाल्गुनन्द गाँउपालिकाको विरामीहरुलाई रगत उपलब्ध गराउने	५०,०००
६	फाक्तेप प्रहरी चौकी	इन्टरनेट जडान	१०,८००
७	राँके प्रहरी चौकी	इन्टरनेट जडान	१०,८००
८	आङसराङ प्रहरी चौकी	इन्टरनेट विल भुक्तानी	२५,८५०
९	आङसराङ प्रहरी चौकी	विविध निर्माण कार्य	२,९३,००४
१०	जिल्ला हुलाक कार्यालय पाँचथर	डेक्सटप र प्रिन्टर	१,३७,६८४
		जम्मा	६,७७,३०७

अनियमित भएको	६,७७,३०७

३३ **इन्धन खर्च** -

कोशी प्रदेश सार्वजनकि खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को दफा ९ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन मा रु.४६,६६,२४३/- खर्च गरेको छ । कार्यालयले उपलब्ध गराएकव विवरण अनुसार कार्यालयमा १ व्याकहो लोडर, १ साना सवारी , १ भाडाको साना सवारी र २४ मोटर साइकल रहेको छ । कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राखि इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३४ **सवारी साधन मर्मत** -

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा म.ले.प.फा.नं ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु.५४,४३,४०७/- खर्च गरेकोमा सवारी साधन मर्मत गर्दा लागत अनुमान तयार गरेको देखिएन । कार्यालयको जिन्सी व्यवस्थापन प्रणाली (PAMS V2) बाट कार्यालयका सवार मर्मत अभिलेख परीक्षण गर्दा सवारी मर्मतमा देहाय अनुसार प्रति सवारि वार्षिक न्यूनतम रू. देखी अधिकतम रू. खर्च भएको देखियो । पालिकाभित्रका सबै बाटो कच्चि रहेकोले सवारी मर्मतमा बढी खर्च हुने गरेको कार्यालयको भनाई रहेको छ । सवारी मर्मत गर्नुपूर्व विशेषज्ञबाट लागत अनुमान तयार गर्ने व्यवस्थाको पालना गरी मर्मत खर्च नियन्त्रण गर्नुपर्दछ ।

क्र. सं.	सवारी नम्बर	सवारी प्रकार	वार्षिक मर्मत खर्च रु.
१	बा १ ग ३४२१	एक्जाभैटर	११,१८,४७१।८
२	प्र १-०१-००१ झ २१४	जिप (बुलेरो)	१५,४३,७८०।४
३	मे १ झ १४५	टाटा पिकअप	१२,१७,३४०।६
४	प्र १-०३-००१ ब ००७६	मोटरसाइकल	५०,०२२।३४
५	प्र १-०३-००१ ब ००७७	मोटरसाइकल	६०,७१९।८९
६	मे १ ब १२७९	मोटरसाइकल	५६,१७८।०२
७	मे १ ब ३५०	मोटरसाइकल	३७,०००
८	प्र १-०१-००१ ब १२५७	मोटरसाइकल	४४,७२८।५४
९	प्र १-०१-००१ ब ११६४	मोटरसाइकल	४,७१०
१०	प्र १-०१-००१ ब १२३५	मोटरसाइकल	४१,९५०
११	प्र १-०३-००१ ब १२५	मोटरसाइकल	५०,७५०
१२	प्र १-०३-००१ ब ११७१	मोटरसाइकल	४४,८००
१३	प्र १-०३-००१ ब ०११८	मोटरसाइकल	४८,७९०
१४	प्र १-०३-००१ ब ०११८	मोटरसाइकल	१९,५५०
१५	मे १ ब ५०२	मोटरसाइकल	३६,३६५
१६	मे १ ब ८९५	मोटरसाइकल	४१,९५०
१७	मे १ ब ८९६	मोटरसाइकल	५२,४००
१८	मे १ ब ८९७	मोटरसाइकल	६२,५१२
१९	प्र १-०१-००१ ब ११३२	मोटरसाइकल	७५,३१२।६०

३५ **बितरणमुखी खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रका विषयमा योजना बनाई लागू गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र समावेशीकरण अभिवृद्धि हुने, लागत कम पर्ने विषयलाई प्राथमिकता दिनु पर्ने उल्लेख छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा देहाय अनुसार सहायता कार्यक्रमबाट विभिन्न सामाग्रि वितरण गरी खर्च गरेको देखियो। पालिकाले उत्पादनमूलक र दीगो रोजगारी सृजनाहुने कार्यक्रम स्वीकृत तथा कार्यान्वियनमा जोडदिई वितरणमुखी खर्च नियन्त्रण गर्नुपर्दछ। केही उदाहरणहरु यस प्रकार छनः

क्र.सं.	खर्च शीर्षक			रकम रु.
१	दलित सहायता कार्यक्रम			
	भौ.नं.	मिति	विवरण	
	२७	२०८१।६।६	थर्मस वितरण (वडा नं. ५)	५०,०००
	११३	२०८१।६।२१	साउण्ड सिस्टम	३५,३९८
	१८१	२०८१।७।६	राइस कुकर वितरण(वडा नं. ६)	५०,०००
	९४१	२०८२।२।११	न्यानो कपडा वितरण(वडा नं. २)	४९,५१०
२	खेलकुद सहायता र सहयोग			
	२९	२०८१।६।६	खेलकुद सामाग्री वितरण	३९,५००
	१११	२०८१।६।२१	खेलकुद सामाग्री वितरण(वडा नं. ७)	३०,०००
	१८१	२०८१।७।५	खेलकुद सामाग्री वितरण	३४,१२५
	३०६	२०८१।८।१८	फुटबल टुर्नामेन्टमा सहभागी	५०,०००
	४००	२०८१।९।११	फुटबल जर्सी खरिद (वडा ६)	११,५००
	५१५	२०८१।१०।९	खेलकुद सहायता (नेपाल तरुण दल गोल्डकप)	३५,०००
	५१५	२०८१।१०।९	पाँचथर जिल्ला बुद्धिचाल संघ	२५,०००
	५२०	२०८१।११।४	सुनखरी यूथ क्लब (वडा नं. ३)	३५,०००
	८३१	२०८२।२।२	पाँचथर गोल्डकप	३५,०००
	९६८	२०८२।२।१३	खेलकुद सहायता	३७,७९०
	९९३	२०८२।२।१८	जिल्ला खेलकुद विकास समिति, ब्याडमिन्टन प्रतियोगिता	५०,०००
३	अपाङ्गता सहायता			
	११३	२०८१।६।२१	अपाङ्गता मिलिजुली समूह (सामाग्री वितरण)	५०,०००
	१८१	२०८१।७।५	न्यानो कपडा वितरण (वडा नं. ६)	५०,०००
	१०१९	२०८२।२।२१	सम्मान कार्यक्रम (बल्याङकेट वितरण)	५०,०००
३	महिला सशक्तिकरण र उत्थान			
	११३	२०८१।६।२१	सामाग्री वितरण (दराज, टेबल, कुर्सी)	३९,३२४
४	आदिवासी जनजाति उत्थान कार्यक्रम			
	७८३	२०८२।१।५	आदिवासी जनजाति उत्थान कार्यक्रम	५०,०००
	९११	२०८२।२।२	किरात राई यायोख्खा	५०,०००

३६ **अवलोकन भ्रमण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रका विषयमा योजना बनाई लागू गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र समावेशीकरण अभिवृद्धि हुने, लागत

कम पर्ने विषयलाई प्राथमिकता दिनु पर्ने उल्ले छ। पालिकाले यस वर्ष अगुवा कृषक अवलोकन भ्रमण शिर्षकमा रु. ३,००,०००/- र कृषक अवलोकन भ्रमण शीर्षकमा रु. ३,००,०००/- गरी जम्मा रु.६,००,०००/- स्वीकृत गरी पुरै रकम खर्च गरेको देखियो । अवलोकन भ्रमणको स्रेस्ता परीक्षणगर्दा १ जन प्रतिनिधी समेत पालिकाका अगुवा कृषक, कृषि तथा पशुपन्छी प्राविधिक गरी ३० जना २०८२।१।९ देखि २०८२।१।२० सम्म १० दिन पालिका देखी मुस्ताङ सम्म अवलोकन भ्रमण गरी प्रतिवेदन तयार गरेकोमा उक्त प्रतिवेदनमा पालिकाको कृषि तथा पशुपंछी क्षेत्रको विकासकालागि तयारगरी लागु गर्नुपर्ने कुनै विशेष कार्यक्रम उल्लेख गरेको देखिएन । अतः पालिकाले कार्यक्रम स्वीकृत गर्दा तथा कार्यान्वियनगर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने कार्यक्रम स्वीकृत तथा कार्यान्वियन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

३७ **विद्युत महसुलमा जरिवानाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। कार्यालयले विद्युत महशुल समयमा तिरेर महशुलमा छुट पाउनुपर्नेमा सो नगरी विल भुक्तानीमा ढिलाई गर्दा निम्न भौचर बाट वद्युत महसुल भुक्तानीमा जरिवाना वापत रू.३५,५०८।३२ भूक्तानी गरी थप व्ययभार पारेको देखियो। यस प्रकारको कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

भौ.नं./ मिति	विवरण	बिल रकम	जरिवाना रकम
७५- २०८१।६।२०	गाँउपालिकाको कार्यालय	७९,०४५	१२,६७५।४८
७५- २०८१।६।२०	वडा नं. १	१७,२५०	२,५५२।८६
४१०- २०८१।९।१८	विभिन्न शाखा तथा डिजिटल बोर्ड	११,५७०	३,५३९।५६
५९८- २०८१।११।६	वडा नं. ३	६०,७२७	८,६१८।१६
७९५- २०८२।१।१०	वडा नं. ४	६,७८५	७२३।४८
७५- २०८१।६।२०	वडा नं. ५	४,४००	३४२।४०
३९८- २०८१।९।११	वडा नं. ७ (पिपलबोटे आयुर्वेद)	१७,१८७	१,८४१।८२
११४३- २०८२।३।१३	स्वास्थय चौकी, फाक्तेप	२९,८४०	५,२१४।५६
	जम्मा	२,२६,८०४	३५,५०८।३२

३८ **कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम कार्यक्रम -**

युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ३३ मा कार्यस्थलमा आधारित सीप विकास तालिम सञ्चालन गर्ने ईकाइले सैद्धान्तिक र व्यवहारिक दुवै पक्षलाई समेटी उल्लेखित विषयमा पाठ्यक्रम निर्माण गरी सोही बमोजिम तालिम दिनुपर्ने व्यवस्था छ। कार्यालयले यस बर्ष देहायका दुई तालिम परामर्श सेवा खरिद गरी परामर्शदाता सेती ट्रेनिङ एण्ड रिसर्च सेक्टरलाई रू.८,९०,०००।– भूक्तानी दिएको देखियो। कार्यविधि अनुसार ५० दिन सीप विकास तालिम र बाँकी ५० दिन सम्बन्धित कार्यस्थलमा कार्य गराई १०० दिनको रोजगारी दिने उल्लेख भएकोमा निम्न संख्यामा इलेक्ट्रिसियन तालिम लिएका प्रशिक्षार्थी कामदारले कार्यस्थलमा कार्य गरेको देखिएन। इलेक्ट्रिसियनले काम गर्ने योजना पालिकामा नरहेकोले कार्य नगराएको कार्यालयको भनाई रहेको भएतापनि कार्यविधिले तोके बमोजिमको पाठ्यक्रम तयार गरी स्थानीय आवश्यकता र पालिकाले सञ्चालन गर्नसक्ने योजनमा प्रयोग हुने सीप समबन्धी तालिम सञ्चालन गरी एक सय दिन रोजगारी सुनिश्चित हुनेगरी खर्च गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

क्र.सं.	तालिमको किसिम	तालिममा सहभागी (जना)	तालिम सञ्चालन दिन	कैफीयत
१	मेशन तालिम	२१	५०	गारो, प्लास्टर र पर्खाल लगाउने तालिम
२	इलेक्ट्रिसियन तालिम	१९	५०	वायरिङ्ग सम्बन्धी तालिम

३९ **शिक्षक तलबी प्रतिवेदन -**

शिक्षा नियमावली २०५९ को नियम १२६(२) मा शिक्षकको बार्षिक तलबी विवरण पारित गर्ने, गराउने सम्बन्धि व्यवस्था छ । कार्यालयले सोही बमोजिम बार्षिक रुपमा तलबी प्रतिवेदन पारित गराई शिक्षकहरुको तलब भत्ता निर्धारण गरी भूक्तानी गर्नु पर्नेमा लेखापरीक्षको क्रममा नमूना छनौटगरी परीक्षण गर्दा जनकल्याण माध्यमिक बिद्यालय फाक्तेपका निम्नानुसार दुई(२) शिक्षकको तलबी प्रतिवेदन पारित नगराई तलब भात्ता भूक्तानी गरेको देखियो। तलबी प्रतिवेदन पारित नगराई तलब भत्ता भूक्तानी गर्दा तलब तथा ग्रेड रकम यकिन नहुने भएकोले प्रचलित कानून अनुसार तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भूक्तानी गर्नुपर्दछ।

गो.भौ./मिति	शिक्षकको नाम/तह	विद्यालयको नाम	तलव भत्ता भूक्तानीको विवरण	भूक्तानी रकम रू.	कैफियत
४३७/३-१६	दिपेश कार्की/ नि.मा.बि.तृतीय	जनकल्याण मा बि	२०८२बैशाख देखि असार सम्म	१,२१,८०९/-	नियुक्ती मिति २०८१।१०।२२
३/६-१५	ध्रुब न्यौपाने/ मा.बि. तृतीय		श्रावण देखि असोज र दशै भत्ता समेत	२,०१,३२३/-	ग्रेड १
१८५/०९-२०			कार्तिक र मंसिर	१,०४,११९/-	
२२६/११-०६			पौष माघ	१,०४,११९/-	
३१४/०१-१५			फागुन चैत्र	१,१४,११९/-	पोषाक समेत
४३७/०३-१६			बैशाख असार	१,६०,.९८३.३०	बैशाख देखि २ ग्रेड

४० **शिक्षक विद्यार्थी अनुपात -**

गाउँपालिकाबाट प्राप्त विवरण अनुसार पालिकाभित्र ४० सामुदायिक विद्यालय सञ्चालनमा रहेकोमा २८८ जना शिक्षकको दरबन्दी रहेको छ। जसमध्ये २८० जना स्थाई र ८ जना करारमा पदपूर्ति गरेको तथा उक्त विद्यालयहरुमा ४१५२ जना विद्यार्थी अध्ययनरत रहेको देखिन्छ।नेपाल सरकारबाट तयार गरिएको विद्यालय क्षेत्र सुधार योजनाले शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रमा १:३०, पहाडमा १:३५ र तराई तथा उपत्यकामा १:४० रहनुपर्ने उल्लेख गरेकोमा यस पालिकामा शिक्षक विद्यार्थी अनुपात १:१४.५ रहेको छ। पालिकाले शिक्षक विद्यार्थीको अनुपात मिलान हुने गरी शिक्षकको दरबन्दी मिलान गरी आवश्यकता अनुसार पदपूर्तिको लागि शिक्षक सेवा आयोगसँग माग गर्ने र बढी दरबन्दी भएमा समायोजन गरी विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४१ **न्यून विद्यार्थी सङ्ख्यामा विद्यालय सञ्चालन -**

शिक्षा नियमावली २०५९ को नियम १२(क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिम विद्यार्थी सङ्ख्या नभएमा विद्यालय गाभ्न सकिने व्यवस्था उल्लेख छ। शैक्षिक वर्ष २०८१।८२ मा सञ्चालनमा रहेका देहायका विद्यालयहरुमा नियम ७७ बमोजिमका न्यूनतम विद्यार्थी सङ्ख्या भएको देखिँदैन। यसले शिक्षा क्षेत्रमा भएको लगानीको प्रभावकारिता नहुने र शिक्षाको गुणस्तरमा समेत असर पार्ने भएको हुँदा पालिका अन्तरगत सञ्चालनमा रहेका यस्ता विद्यालयहरु गाभ्न कार्यलाई प्राथमिकता दिँदै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा अभिबृद्धि गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

क्र.सं.	विद्यालयको नाम	सञ्चालित कक्षा	विद्यार्थी सङ्ख्या	शिक्षक दरबन्दी	कैफियत
१	श्री तिरतिरे आधारभूत विद्यालय	३	७	१	
२	श्री महागुरु फाल्गुनन्द आधारभूत विद्यालय	५	५	३	
३	जनकल्याण आधारभूत विद्यालय	३	१०	१	
४	श्री जनता आधारभूत विद्यालय	५	५	२	वडा नं २
५	श्री तिनचुले आधारभूत विद्यालय	५	१५	१	
६	श्री सिद्ध सरस्वती आधारभूत विद्यालय	३	१२	३	
७	श्री टिका भैरुङ आधाभूत विद्यालय	३	८	२	
८	श्री नागेम्वा आधारभूत विद्यालय	५	१५	३	
९	श्री जनता आधारभूत विद्यालय	५	१२	३	वडा नं ७

४२ **पाठ्यपुस्तक वितरण विवरण -**

स्थानीय र प्रदेश तहमा ससर्त अनदुान एवम शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हु ने कार्यक्रमसँग सम्बन्धित स्थानीय र प्रदेश तहमा सशर्त अनुदान कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को २.३.३ क्रियाकलाप नं. २.४.६.२ अन्तर्गत ३.१(ख) ५ मा विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाई विद्यालयले स्थानीय तहमा पेश गर्ने व्यवस्था उल्लेख छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा तपशिल बमोजिमका विद्यालयले निशुल्क पाठ्यपुस्तक खरिद तथा वितरण गरेको भरपाई लेखापरीक्षको अवधिसम्म पनि बुझाएको देखिएन। जस कारण EMIS मा अभिलेख भएका विद्यार्थीहरुको विवरण बमोजिम पाठ्यपुस्तक वितरण भए नभएको यकिन गर्न नसकिने हुँदा विद्यालयले पाठ्यपुस्तक खरिद तथा वितरण गरेको भरपाई समयमै स्थानीय तहमा पेश गर्नु पर्दछ।

क्र.सं.	विद्यालयको नाम	EMIS अनुसार विद्यार्थी सङ्ख्या	भूक्तानी रकम रू.	कैफियत
१	श्री जनता आधारभूत विद्यालय	१२ जना	६,८४०/-	
२	पञ्चामृत आधारभूत विद्यालय	१०२ जना	७१,८५५/-	
३	तिर्तिरे आधारभूत विद्यालय	७ जना	७,१२०/-	

४३ **विद्यालयको सामाजिक तथा आर्थिक लेखापरीक्षण -**

स्थानीय तहमा ससर्त अनदुान एवम शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हु ने कार्यक्रमसँग सम्बन्धित स्थानीय तहमा सशर्त अनुदान कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को बुँदा नं. २.३.५ क्रियाकलाप नं. २.७.१३.१० को ५.४ मा प्रत्येक विद्यालयले विद्यालय सामाजिक परीक्षण मापदण्ड,२०७८ अनुसार अनिवार्य रुपमा सामाजिक परीक्षण गराइ सामाजिक परीक्षण गरिएको मिति EMIS मा अद्यावधिक गर्न लगाउने र सो कार्य नगर्ने विद्यालयलाई यस क्रियाकलाप बापतको रकम उपब्ध नगराउने साथै विद्यालयले आर्थिक लेखापरीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने, सोको प्रतिवेदन स्थानीय तहमा पठाउने व्यवस्था उल्लेख छ। लेखापरीक्षणको क्रममा नमूना छनौट गरी परीक्षण गर्दा गाउँपालिकाभित्र सञ्चालन भएका माध्यमिक तह सञ्चालित ११ र आधारभूत तह सञ्चालित (१-१०) २९ विद्यालयलाई कार्यविधिमा भएको ब्यवस्था बमोजिम रू.२,९०,०००/- भूक्तानी गरेको देखियो। तर वद्यालयले अन्तिम लेखापरीक्षणको अवधिसम्म समेत लेखापरीक्षण गरी सोको प्रतिवेदन कार्यालयमा पेश गरेको पाइएन। कार्यक्रम कार्यान्वियन कार्यविधिमा भएको व्यवस्था बमोजिम समयमा नै विद्यालयले आफ्नो कारोबारको अन्तिम लेखापरीक्षण गरी सो को प्रतिवेदन स्थानीय तहमा पेश गर्नुपर्दछ।

४४ **स्यानिटरी प्याड खरिद -**

सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५(२) मा शिक्षा शाखाले EMIS को तथ्याङ्कसँग भिडाई विद्यालयलाई आवश्यक हुने सङ्ख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र सोही कार्यविधिको दफा ५(४) मा स्थानीय तहले विद्यालयसँग समन्वय गरी विद्यालयको आवश्यकता, वजारमा प्याडको उपलब्धता, प्याडको उत्पादन र प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरमा ध्यान दिइ त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। कार्यालयमा गत वर्षको ४०० पोका प्याड मौज्दात रहेकोमा यस वर्ष समेत रू.१३,५१,०२८।– को १३४०० पोका प्याड खरिद गरी गत वर्ष मौज्दात रहेको प्याड समेत विद्यालयलाई वितरण गरी आर्थिक वर्षको अन्तिममा १५४५ पोका प्याड मौज्दातमा रहेको देखिन्छ। यसरी मौज्दात रहँदा विद्यार्थीको आवश्यकता बमोजिम आपूर्ति हुन नसक्ने तथा लामो समय मौज्दात रहँदा गुणस्तरमा ह्रास आउन सक्ने भएको हुँदा सेनिटरी प्याडको खरिद कार्य गर्दा आवश्यकताको आधारमा मौज्दात नरहने गरी खरिद गर्नुपर्दछ।

४५ **सेनिटरी प्याडको अनुमान तयारी**

सार्वजनिक खरिद नियमावलीको, २०७७ नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र मालसामानको स्फेसिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने तथा उपनियम २(१) मा लागत अनुमान तयार गर्दा आधार लिनुपर्ने कुराहरुको व्यवस्था उल्लेख छ। कार्यालयले कक्षा ६ देखि १२ सम्मका १३७० जना छात्रा विद्यार्थीका लागि स्यानिटरी प्याड खरिद गर्ने प्रयोजनार्थ लागत अनुमान तयार गर्दा सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को अनुसूचि-१ मा उल्लेख स्यानिटरी प्याडको न्यूनतम मापदण्ड बमोजिम स्पेसिफिकेसन तयार नगरी २८० मि.मि. मात्र उल्लेख गरी तीन वटा आपूर्तिकर्ताबाट सोझै दररेट माग गरी न्यूनतम मूल्याङ्कित आपूर्तिकर्ताबाट खरिद कार्य गरेको पाइयो। यसरी खरिद कार्य गर्दा मालसामानको गुणस्तर आवश्यक मापदण्ड बमोझिम नहुने र खरिद कार्य समेत प्रतिस्पर्धात्मक नहुने हुँदा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम खरिद कार्य गर्नुपर्दछ।

४६ **कार्यक्षेत्रगत शर्त र सेवा प्रदायक छनौट -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखिकरण, सवलीकरण, मूलप्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराँउदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्रवाह गर्न सक्ने उल्लेख छ । कार्यालयले निम्नानुसार कर शिक्षा लगायतका तालिम कार्यक्रम देहायका संस्थामार्फत गराएकोमा कार्यक्षेत्रगत शर्त तयारगरी संस्था छनौट नगरि सोझै सम्झौता गरी कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिएको देखियो । कार्यालयले वाह्य संस्थाबाट कामगराउँदा तालिम कार्यक्रमको कार्यक्षेत्रगत शर्त र संस्था छनौटको आधार उल्लेख नगरी सोझै संस्थासँग सम्झौतागरी कार्यसम्पन्न भएको प्रतिवेदनको आधारमा दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.

गो.भौ./ मिति	तालिम प्रदायकको नाम	तालिमको विवरण	भुक्तानी रकम
१३६८-२०८२।३।२२	सामाजिक शैक्षिक तथा पर्यावरणिय विकास नेपाल	विभिन्न साना व्यवसायिहरुलाइ्र कर सम्बन्धि तालिम प्रदान	१,००,०००/-
१२९२-२०८२।३।१९	तीन सिमाना पर्या- पर्यटन केन्द्र	महिला सहकारी संस्थाका पदाधिकारीलाई नेतृत्व तथा क्षमता विकास तालिम	२,४३,५००/-
१२२१-२०८२।३।१७	तिम्बुपोखरी मिडिया एण्ड इभेन्ट	गाँउपालिका भित्रका खस आर्य समुदायलाई कर्मकाण्ड सम्बन्धि तालिम	२,४७,०००/-
१२००-२०८२।३।१६	याम्बोङ महिला कृषि सहकारी संस्था लिमिटेड	कानुनी सचेतना तालिम	६०,००१/-
१७९-२०८१।७।५	कोर्काली अध्ययन केन्द्र	खस आर्य समुदायलाई कर्मकाण्ड सम्बन्धि तालिम	१,५०,०००/-
		जम्मा	८,००,५०१/-

अनियमित भएको	८,००,५०१

४७ **निर्माण कार्यको नक्सा तथा डिजाइन -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नुअघ त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले कोशि प्रदेश सरकारबाट प्राप्त गणेश कमला स्मृती प्रतिष्ठान अधुरो भवन निर्माण कार्यमा विनियोजन भएको रू.४,००,००/- बाट वडा ६ मा रहेको गणेश कमला स्मृती प्रतिष्ठानको भवनमा प्लाष्टर र ढोका निर्माण कार्यगरी रु.३,७२,३८८/- भुक्तानी खर्च गरेकोमा उक्त भवनको नक्सा, डिजाइन लगायतका विवरण तयार गरी सो बमोजिमको लागत अनुमान र कार्य गरेको देखिएन । प्रदेश सरकारको सशर्त कार्यक्रममा रकम विनियोजनगर्दा पालिकासँग समन्वय नगरेको र पालिकालाई प्राप्त कार्यक्रमको कार्यान्वयन विनियोजन र प्रतिष्ठानको माँग बमोजिम गरेको कार्यालयको भनाई रहेको छ। सार्वजनिक भवनमा निर्माण कार्य गर्दा भवन तथा जग्गाको स्वामित्वको यकिनगरी निर्माण कार्यको पुरा नक्सा र कुल लागत अनुमान तयार तथा स्वीकृत गरेरमात्र निर्माण कार्य गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

४८ **डि.पि.आर र परामर्श खर्च** -

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

क्र.सं.	कार्य विवरण	परामर्श दाता	परमर्श खर्च रकम
१	याम्बाबुङ हुँदै ४ नं. वडा कार्यालय जोड्ने सडक डी.पी.आर.	सक्सेस डिजाइन एण्ड डेभलपमेण्ट प्रा.लि.	४,८९,९५६/-
2	सेहोः नाम्लाङ पर्यटकीय स्थल डी.पी.आर.	बिल्डर्सयङजङ इन्जिनियरिङ कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि.	४,८४,७७०/-

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

४९ **निर्माण कार्यको बि.ओ.क्यू.बाट खरिद** -

सार्वजनिक लेखा समितिको २०६९/१/८ को निर्णयले निर्माण कार्यको रेखदेख सुपरभिजन तथा अन्य कार्य गर्न बजेटमा व्यवस्था गरी स्रोत साधन व्यवस्थापन गर्ने, ठेक्काको विल अफ क्वान्टिटीमा इन्जिनियरिङ सुविधा राखेर निर्माण व्यवसायीलाई भुक्तानी गर्ने विषयमा नियन्त्रण गर्ने उल्लेख छ । सार्वजनिक लेखा समितिको निर्णय प्रतिकुल हुने गरी गाँउपालिका कार्यालय निर्माण कार्यको विल अफ क्वान्टिटीमा १ थान मोटर साइकल खरिद कार्यकोलागि रू.८,००,०००/- रकम राखेको र सो आइटमामा संशोधनगरी १ थाप ल्यापटप रु.२,५०,०००/- मा खरिद गरेको विल तथा कार्यालयको जिन्सिमा आम्दानि जनाएको प्रतिवेदनको आधारमा भुक्तानी दिएको देखियो ।कार्यालयका कर्मचारीलाई आवश्यक ल्यापटप निर्माण कार्यको विल अफ क्वान्टिटीमा समावेश तथा खरिद गरी निर्माण व्यवसायिलाई दिएको भुक्तानी नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,५०,०००

५० **घटी अवधिको विमा** -

ठेक्का नं. PRMW/NCB/04-2081/82 सिद्ध देवी नमुना माध्यमिक विद्यालय स्टाफ क्वाटर निर्माण कार्यका निर्माण व्यवसायि एल.एम.वि. निर्माण सेवा प्रा.लि.सँग मिति २०८२/३/१५ भित्र रू.८१,२१,७०४/६३ लागतमा कार्य सम्पन्न गर्नेगरी मिति २०८१।१०।२० मा भएको सम्झौतामा निर्माण कार्यको शुरु देखि त्रुटी सच्याउने अवधि सम्मको विमा गराउनुपर्ने उल्लेख छ । कार्यालयले गो.भौ.नं. ३१- २०८२।१।३१ बाट पहिलो रनिङ बिल भुक्तानी गर्दा प्रोभिजनल सममा रहेको विमा वापतको पुरै रकम रू.३६,७६७/४६ भुक्तानी दिएकोमा निर्माण व्यवसायिले ९ मे २०२५ देखी २९ जुन २०२५ सम्म १ महिना २० दिनको मात्र विमा गराएको देखियो । पाँच महिना निर्माण अवधि रहेको निर्माण कार्यको १ महिना २० दिनको मात्र विमा गराएकोले दामासाहिले विमावापतको रकम कट्टा गरेर भुक्तानी दिनुपर्नेमा पुरै रकम भुक्तानी दिएको देखियो । बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	२५,६४६

५१ **निर्मित संरचनामा क्षती** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) मा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले ५ शैय्या अस्पताल निर्माण कार्य खुल्ला बोलपत्रको माध्यमबाट जयमाता- जि.आर.डी. जे.भी.सँग सम्झौतागरी मिति २०८१/९/१९ मा रू.६,१९,९४,४०७/२९ को लागत मा सम्पन्न गरेको देखियो । लेखापरीक्षणको क्रममा उक्त निर्माण स्थलको स्थलगत अनुगमन गर्दा निम्नानुसार ढुङ्गाको गारो भत्किएको देखियो। निर्माण कार्यको अन्तिम बिल भुक्तानी २०८२।३।२३ मा दिएकोमा सोहि समयमा भत्किएको निर्माण व्यवसायिको धरौटी तथा कार्यसम्पादन जमानतको म्याद बाँकि रहेकोले निर्माण व्यवसायिबाट उक्त कार्य गराइने जानकारी छलफलको क्रममा प्राप्त भएको छ। निर्माण स्थलमा भत्किएको निर्माण कार्य निर्माण व्यवायिको मार्फत गराई प्रमाण पेश गर्नुपर्ने रू.

क्र.सं.	विवरण	परिमाण	दर	रकम
१	Stone Masonary	(6x1.73x6.5 र ४.5x1.05x4) = 86.18	4896	421937

प्रमाण पेश नगरेको	४,२१,९३७

५२ **उपभोक्ता समिति** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु १ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । कार्यालयले यो वर्ष १२० उपभोक्ता समितिमार्फत निर्माणकार्य गराई रु.७८,८९,८८२/- भुक्तानी दिएको देखियो । उपभोक्ता समितिबाट सञ्चालन गरिएका निर्माण कार्यमा खरिद कानून बमोजिम प्रतिस्पर्धा नहुने हुँदा लागत बढी पर्न जाने, प्राविधिक पक्ष तथा गुणस्तर सम्बन्धमा संशय हुने हुँदा उपभोक्ता समितिबाट गरिने कार्यहरुको आधार तथा कार्यविधि तयार गर्नुपर्दछ।

५३ **स्थायी लेखा नम्बर** -

सार्वजिनक खरिद नियमावली,२०६४ को नियम १९ मा सार्वजनिक निकायले उपभोक्ता समित वा लाभग्राही समुदायलाई सहभागी गराई निर्माण कार्य गराउनुपर्दा उपभोक्ता सिमित वा लाभाग्राहि समुदायलेआन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर लिएको हनुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न १२० उपभोक्ता सिमित मार्फत निर्माण कार्य गराई रू.७८,८९,८८२/- भुक्तानी खर्च लेखलेकोमा कुनैपनि उपभोक्ता समितिले स्थायी लेखा नम्बर लिएको देखिएन । नियममा भएको व्यवस्था बमोजिम स्थायी लेखा नम्बर लिएका उपभोक्ता समितिसँग निर्माण कार्य गराउनु पर्दछ ।

५४ **अपाङ्गता आय आर्जन कार्यक्रम** -

विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा १५ मा विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना लक्षित प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्बन्धमा स्थानीय तहले नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन योजना आयोग र सम्बन्धित जिल्ला समन्वय समितिमा पेश गर्नुपर्ने उल्लेख छ । यस गँउपालिकाले गाँउ कार्यपालिकाको मिति २०८०/१०/२१ गतेको निर्णय संलग्न राखि मिति २०८०/१०/२३ मा राष्ट्रिय योजना आयोगमा **आपाङ्गता आय आर्जन कार्यक्रम** माँगको लागि पेश गरेको प्रस्तावमा कार्यक्रमको स्वीकृति पछि कार्यपालिकाले कार्यविधि निर्माण गरी कार्यक्रम कार्यान्वयन गरिने र कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन संयन्त्र बनाई अनुगमन गरिने उल्लेख गरेको देखियो । कार्यालयले यस वर्ष विशेष अनुदानको स्वीकर्त कार्यक्रम- अपाङ्गता सम्बन्धि आयआर्जन सम्बन्धि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालनको लागि अपाङ्गता भएका व्यक्ति तथा निजका (परिवार) सदस्यहरुलाई स्वरोजगार तथा दिगो आर्थिक विकासकोलागि कृषि तथा पशुपालनका ७ वटा क्षेत्रतोकि सम्बन्धित लाभग्राहिको २० प्रतिशत लागत साझेदारि रहनेगरी मिति २०८१/१२/२७ मा प्रस्ताव आव्हानगरी प्राप्त प्रस्तावको आधारमा लाभग्राहि

छनौटगरी कार्यक्रम सञ्चालन गरेको देखियो।यस कार्यक्रममा प्राप्त रकम रू.७५ लाख मध्ये देहाय अनुसार कृषि तथा पशुपालनका ५ क्षेत्रमा रू.५४,१६,२७८/- खर्च गरेकोमा उपरोक्त कार्यविधि तथा पालिकाले राष्ट्रिय योजना आयोगमा पेश गरेको प्रस्ताव बमोजिम कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि नबनाएको र सञ्चालित कार्यक्रमको अनुगमनगरी प्रतिवेदन समेत तयार गरेको छैन । कार्यालयको सुचना बमोजिम प्राप्त प्रस्तावहरुको स्थलगत रुपमा अनुगमन मूल्याङ्कनगरी लाभ ग्राहि छनौट गरेर प्रस्ताव तथा सम्झौता बमोजिमका कार्यगरेको प्रमाणितहुने बिलभरपाईको आधारमा वास्तविक खर्चमात्र भुक्तानि दिई कार्यक्रम सञ्चालन गरेतापनि उपरोक्त कार्यविधि बमोजिम अनुगमन मूल्याङ्कनगरी सोको प्रतिवेदन समबन्धित निकायमा पेश गर्नुपर्दछ ।

क्र.सं.	क्रियाकलाप (क्षेत्र)	लाभग्राहि परिवार सं.	पालिकाको अनुदान (८०%) रकम	लाभग्राहि लागत साझेदारी (२०%) रकम	जम्मा
१	व्यवसायीक सुंगुर/ बंगुर पालन	२३	१४,८६,३२०/-	३,७१,५८०/-	१८,५७,९००/-
२	गाई फार्म र डेरी व्यवसाय	३०	१७,२४,०५५/-	४,३१,०१४/-	२१,५५,०६९/-
३	बाख्रा पालन	१४	८,६३,०६३/-	२,१५,७६६/-	१०,७८,८२९/-
४	सुन्तला खेती	१४	१०,९३,७३४/-	२,७३,४३४/-	१३,६७,१६८/-
५	कुखुरा पालन व्यवसाय	२	२,४९,१५६/-	६२,२८९/-	३,११,४४५/-
6	अकवरे खोर्सानी खेति	०	०	०	०
७	अदुवा खेती तथा तरकारी खेती	०	०	०	०
	जम्मा	८३	५४,१६,२७८/-	१३,५४,०८२/-	६७,७०,४१०/-

५५ **नाफामूलक संस्था -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई भवन निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं./ मिति	सामाग्रि प्राप्त गर्ने संस्था	विवरण	रकम
१२७-०८१।१२।२८	महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	ल्यापटप खरिद	९९,७७९/-
231-२०८२।३।१३	घुर्विसे पञ्चमी बचत तथा ऋण सहकारी संस्था	वाल निर्माण	४८,०००/-
२७८-२०८२।३।२३	चेसेङ एकिकृत पशुपंछी तथा कृषि फर्म प्रा.लि.	दाना (पेलेट) बनाउने मेशिन खरिद	१,००,०००/-
३४३-२०८२।३।२५	नर बहादुर कर्मचार्य स्मृती प्रतिष्ठान	ल्यापटप १ थान र प्रोजेक्टर १ थान खरिद	१,४९,४९९/-
1382-२०८२।३।२३	नमुना महाभारा कृषि तथा पशु फर्म	किविको लागि विभिन्न निर्माण कार्य	९१,०८३/-
		जम्मा	४,८८,३६१/-

अनियमित भएको	४,८८,३६१

५६ **कार्यक्षेत्र बाहिरको कार्यक्रम -**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा प्रतिष्ठान तथा क्याम्पसलाई सहयोग गर्न सक्ने व्यवस्था उल्लेख छैन । पालिकाले यस वर्ष देहाय अनुसार आफ्नो कार्यक्षेत्रमा नपर्ने प्रतिष्ठन तथा क्याम्पसलाई निम्नानुसार सहयोग भुक्तानी दिएको देखियो । पालिकाको आन्तरिक आय न्यून रहेको अवस्थामा कार्यक्षेत्र बाहिरका प्रतिष्ठान तथा क्याम्पसलाई संघिय सरकारबाट प्राप्त समानिकरण अनुदानको रकमबाट कार्यक्रम स्वीकृत गरी दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.

क्र.सं.	सहयोग प्राप्त गर्ने संस्थाको नाम	सहयोगको विवरण	सहयोग रकम
१	शहिद प्रतिष्ठान, फिदिम ४	विभिन्न फर्निचर खरिद	४,९६,१८३/-
2	पुष्पलाल मदन भण्डारी स्मृती परिषद, पाँचथर ।	ल्यापटप लगायत सामाग्रि खरिद	१,९६,९४७/७०
३	हरिहंश स्मृति प्रतिष्ठान, फिदिम २	भवन निर्माण सहयोग	५,००,०००/-
4	पाँचथर बहुमुखी क्याम्पस, फिदिम	अक्षय कोष स्थापना सहयोग	१५१५०१५/-
		जम्मा	२७,०८,१४५/७०

अनियमित भएको	२७,०८,१४५.७

५७ समान प्रकृतिको कार्यक्रम -

विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ९(४) मा स्थानीय तहमा संघ वा प्रदेशबाट सञ्चालित वा अन्य गैरसरकारी संघ संस्थाबाट सञ्चालन हुने आयोजना वा कार्यक्रम एउटै प्रकृतिको रहेट भने त्यस्तो आयोजना वा कार्यक्रम वा लक्षित समूहमा दोहोरोपन नहुने गरी परिपूरकता कायम गर्नुपर्ने उल्लेख छ । कार्यालयले कोशी प्रदेश सरकारबाट अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन व्यवसाय/ रोजगारी कार्यक्रममा प्राप्त रू.९५,२००/- मा पालिकाको तर्फबाट रू.१,६८,०००/- थपगरी रू.२,६३,२००/- प्रतिव्यक्ति रू.९,४००/- को दरले २८ जना अपाङ्गता भएका व्यक्तिहरुलाई वितरण गरेको देखियो । पालिकाले विशेष अनुदान कार्यक्रम अन्तर्गत सञ्चालित अपाङ्गता आयआर्जन कार्यक्रममा एकीकृतगरी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सो नगरि छुट्टै आवेदन माँग गरी कार्यक्रम सञ्चालन गरेको देखियो । स्रेस्ता परीक्षण गर्दा आवेदनमा व्यवसायिक योजना र सोको लागत समेत भरेको देखिएन । अतः समान प्रकृतिको कार्यक्रम एकमुष्ठ रुपमा लाभग्राहि छनौट गरी सञ्चालन गर्ने र सोको अनुगमन मूल्याङ्कन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

५८ समान उद्देश्यका कार्यक्रम -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन तथा बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले यस वर्ष संघीय सरकारको सशर्त अनुदान मार्फत सञ्चालन हुने मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गतका कृयाकलापसँग दोहोरो हुनेगरी देहायका कार्यक्रम सञ्चालन गरी भुक्तानी खर्च गरेको देखियो । नेपाल सरकारको मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत नियमित गर्भ जाँच वापत भताको साथै निशुल्क सुत्केरि सेवा र यातायात खर्च भुक्तानी दिइएकोमा पुनः सोही कार्यकोलागि पालिकाले कार्यक्रम स्वीकृतगरी भुक्तानी खर्च गरेको सम्बन्धमा कार्यालयले कानुन तथा कार्यविधि निर्माण गरेको छैन । कार्यविधि नहुँदा कार्यक्रमको उद्धेश्य पुरागर्न संचालन गर्नुपर्ने कृयाकलापका साथै सो संचालन सम्बन्धि विधि प्रकृयाको यकिन गर्न सकिएन । स्वास्थ्य संस्थामा प्रसुति सेवालिन आउन थप प्रोत्साहित गर्ने उद्धेश्यले यो कार्यक्रम संचालन गरेको कार्यालयको भनाई रहेकोमा यस कार्यक्रम संचालन पश्चात पालिका अन्तर्गतका स्वास्थ्य संस्थामा सुत्केरी सेवालिनेको संख्यामा भएको उपलब्धिको विषयमा तुलनात्मक अध्ययन तथा विश्लेषण समेत गरेको देखिएन । संघीय सरकारको कार्यक्रमसँग दोहोरो हुनेगरी कार्यक्रम स्वीकृत तथा सञ्चालन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

क्र.सं.	कार्यक्रमको नाम	खर्च रकम	कैफियत
१	सुत्केरी प्रोत्साहन कार्यक्रम	१२००००/-	यातायात खर्च पालिकाको तर्फबाट थप रू.२०००/- वितरण
२	सुत्केरी पोषण कार्यक्रम	१३९६७५/-	सुत्केरीलाई अण्डा, दाल लगायत सामाग्रि वितरण

५९ पारदर्शिता र जवाफदेहिता -

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित नगरसभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने उल्लेख छ । साथै स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम, दर्ता, तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनुपर्नेमा सोको पालना गरेको पाइएन र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्नेमा सो विवरण वेभसाइटमा राखेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढंगबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । कार्यविधिको पालना गरी भत्ता वितरणमा पारदर्शीता कायम गर्नुपर्दछ ।

६० **सार्वजिनक सुनुवाई -**

सामाजिक सुरक्षा कार्यक्रम संचालन २०७७ को दफा ३४ मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्ने र सुनुवाईबाट प्राप्त गुनासो तथा सुझाव मध्ये आफुले सम्बोधन गर्न सक्ने विषय सम्बोधन गर्ने र सम्बोधन गर्न नसकेका गुनासो तथा सुझाव सम्बोधनका लागि स्थानीय तह वा प्रदेश वा नेपाल सरकारको सम्बधित निकायमा पठाउनु पर्ने व्यवस्था छ। पालिका सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : फाल्गुनन्द गाउँपालिका, पाँचथर , फाल्गुनन्द गाउँपालिका , पाँचथर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Devi Tumbapo	२०८१-७-२६	हाल सम्म कार्यरत
लेखा प्रमुख	चन्द्र वहादुर सुब्बा	२०७४-६-१९	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२५,६४६	४,९२४,३१४.७	४२१,९३७	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	५,३७१,८९७.७
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	५,३७१,८९७.७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२६२१३५००.९१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३७७७४८९२०	चालु खर्च	३४६३९४९४३.३१
प्रदेश सरकारबाट अनुदान	३३४६९०००	पूँजीगत खर्च	१२३५६८७०९
राजश्व बाँडफाँट	८५१२३१०८.०६	वित्तीय/अन्य व्यवस्था	१७५४१५६६३.६
आन्तरिक आय	५४२५६१०.४३		
अन्य आय	१४३३७५३९६.७५		
कुल आय	६४५१४२०३५.२४	कुल खर्च	६४५३७९३१५.९१
बाँकी मौज्दात		२५९७६२२०.२४	

अनुसूची - २

सि.नं	लेखापरीण	लेखापरीण गरएका विषय
1	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)	२०८१ श्रावण, असोज, चैत्र र २०८२ जेठ, आषाढको परीक्षण
2	कृषि तथा पशु विकास कार्यक्रम	कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम
3	अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य गराउने ।	दश लाख भन्दा बढी लागतका उपभोक्ता
4	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)	२०८१ श्रावण, असोज, चैत्र र २०८२ जेठ, आषाढको परीक्षण
5	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फका कार्यक्रम
6	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ असुली र दाखिला अवस्था
7	तालिम र कार्यक्रम खर्च	तालिम कार्यक्रम
8	शिक्षा तर्फ	शिक्षा तर्फका कार्यक्रम
9	खरिद व्यवस्थापन	ठेक्का मार्फत भएका सबै खरिद
10	सामाजिक सुरक्षा	सामाजिक सुरक्षा लाभग्राहि विवरण र भता वितरण अवस्था
11	ठेक्का तथा प्रस्ताव व्यवस्थापन	ठेक्का मार्फत भएका सबै खरिद
12	संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत कार्यक्रम (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)	सशर्त तर्फका कार्यक्रम
13	विविध	विविध खर्चको विवरण विश्लेषण

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२								
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		८,७२,८९,९४६.४७	०	८,७२,८९,९४६.४७	८,०१,६९,५१०.१७	०	८,०१,६९,५१०.१७
१३०००	अनुदान		३७,४४,२९,८१६.४०	०	३७,४४,२९,८१६.४०	३९,१६,६७,५१६.२९	०	३९,१६,६७,५१६.२९
१४०००	अन्य राजस्व		३९,३२,८५७.९४	०	३९,३२,८५७.९४	२४,१३,५५०.५८	०	२४,१३,५५०.५८
१५०००	विविध प्राप्ति		१,३९,८२५.००	०	१,३९,८२५.००	१६,०५,२१७.००	०	१६,०५,२१७.००
क	कुल जम्मा प्राप्ति		४६,५७,९२,४४५.८१		४६,५७,९२,४४५.८१	४७,५८,५५,७९४.०४		४७,५८,५५,७९४.०४
३	चालु		३४,६४,७७,९४३.३१	०	३४,६४,७७,९४३.३१	३४,६४,०३,२९१.३०	०	३४,६४,०३,२९१.३०
२१०००	पारिश्रमिक / सुविधा		२२,५२,०७,५०३.८२	०	२२,५२,०७,५०३.८२	१८,८१,२४,७९५.९३	०	१८,८१,२४,७९५.९३
२२०००	मालसामान तथा सेवाको उपयोग		९,७३,१६,७२६.४९	०	९,७३,१६,७२६.४९	१५,०१,८५,८९३.३७	०	१५,०१,८५,८९३.३७
२५०००	सहायता (Subsidy)		१,६६,९२,१७८.००	०	१,६६,९२,१७८.००	२७,४४,०२१.००	०	२७,४४,०२१.००
२६०००	अनुदान		१५,०००.००	०	१५,०००.००	१,००,०००.००	०	१,००,०००.००
२७०००	सामाजिक सुरक्षा		४३,२३,९९६.००	०	४३,२३,९९६.००	२९,४७,७७३.००	०	२९,४७,७७३.००
२८०००	अन्य खर्च		२९,२२,५३९.००	०	२९,२२,५३९.००	२३,००,८०८.००	०	२३,००,८०८.००
४	पूंजीगत		१२,३५,७५,६६४.००	०	१२,३५,७५,६६४.००	१२,१०,८९,७५९.००	०	१२,१०,८९,७५९.००
३१११०	भवन तथा संरचना		२९,७५,८०५.००	०	२९,७५,८०५.००	३२,४५,३०६.००	०	३२,४५,३०६.००
३११२०	सवारी साधन, मेशिनरी औजार,		६०,०६,३२६.००	०	६०,०६,३२६.००	४०,६५,११६.००	०	४०,६५,११६.००

	फर्निचर्स तथा फिक्चर्स							
३११३०	अन्य पूँजीगत खर्च		५५,६०,२७८.००	०	५५,६०,२७८.००	३४,६४,६९६.००	०	३४,६४,६९६.००
३११५०	सार्वजनिक निर्माण		१०,८७,९३,९५१.००	०	१०,८७,९३,९५१.००	१०,२९,८४,१६९.००	०	१०,२९,८४,१६९.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		२,३९,३०४.००	०	२,३९,३०४.००	१२,९८,८६०.००	०	१२,९८,८६०.००
३११७०	पूँजीगत सुधार खर्च		०	०	०	६०,३१,६१२.००	०	६०,३१,६१२.००
ख)	कुल जम्मा भुक्तानी		४७,००,५३,६०७.३१		४७,००,५३,६०७.३१	४६,७४,९३,०५०.३०		४६,७४,९३,०५०.३०
ग)	बचत /कमी (ग = क-ख)		(४२,६१,१६१.५०)		(४२,६१,१६१.५०)	८३,६२,७४३.७४		८३,६२,७४३.७४
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)		३९,३३,९२५.८३		३९,३३,९२५.८३	३०,७१,१७०.१५		३०,७१,१७०.१५
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		-९,९५५.००		-९,९५५.००			
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(३,२७,२३५.६७)		(३,२७,२३५.६७)	१,१४,३३,९१३.८९		१,१४,३३,९१३.८९
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		२,५६,३३,७१६.५०		२,५६,३३,७१६.५०	१,४१,९९,८०२.६१		१,४१,९९,८०२.६१
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							

ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		२,५३,०६,४८०.८३		२,५३,०६,४८०.८३	२,५६,३३,७१६.५०		२,५६,३३,७१६.५०

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्ने सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर

भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण समयमा नहुने, भएकोमा प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।